

# १२ अझ बढि चाहना

***यस अध्यायका मूल पदहरू:*** **योना १-४, यर्मिया २५:५, इजिएल १४:६, प्रकाश २:५, लूका ९:५१-५६ र यहूदा १-२५।**

***यस अध्यायको मूल सार पद:*** **"तर निनवे सहरमा एक लाख बीस हजारभन्दा बढ्ता मानिसहरू छन्, जसले दाहिने र देब्रे हातै चिन्न सक्दैनन्, र त्यसमा धेरै गाईबस्तुहरू पनि छन्। के मैले त्यस ठूलो सहरको निम्ति फिक्री नगरूँ?" (योना ४:११)।**

बाइबलमा धेरै घतलाग्दा कथाहरू छन्। तिनीहरूमा योनाको कथा पनि अत्यन्तै घतलाग्दो छ। योना, परमेश्वरको अगमवक्ता रे, परमेश्वरले नै व्यक्तिगतरूपमा बोलाउनुभएको- अब के? परमेश्वरको बोलाहतबाट उनी भाग्छन्। अनि अत्यन्तै नाटकिय पाराले उनको दिमागलाई परिवर्तन पारिदिन्छ र परमेश्वरले जे भन्नुभयो सो गर्छन्, तर केको लागि? परमेश्वरको साक्षी बन्न बोलाइएको योनाको सन्देश सुनेर मानिसहरू पश्चाताप गर्छन् र तिनीहरू बिनाश हुनुबाट जोगाइन्छ तर योनाको गुनासो?

यहाँ परमेश्वरकै अगमबक्ता भएका व्यक्तिले बेचैनता र अशान्ती र दिग्दारीपना परमेश्वरसँग चिच्याउँछन्, "त्यसकारण, हे परमप्रभु परमेश्वर मेरो ज्यान लिनुहोस् किनभने मलाई त बाँच्नुभन्दा मर्नु नै असल छ!" (योना ४:३ रूपान्तरित)।

योनाको कथा कुनै मनगढन्ते वा काल्पनिक होइन किनभने येशू आफैले पनि उनको कथालाई यसरी सम्बोधन गर्नुभएको थियो, "३९ उहाँले तिनीहरूलाई जवाफ दिनुभयो, "दुष्ट र व्यभिचारी पुस्ताले चिन्ह खोज्दछ। तर यस पुस्तालाई योना अगमवक्ताको चिन्हबाहेक अरू चिन्ह दिइनेछैन। ४० किनकि जसरी योना ठूलो माछाको पेटभित्र तीन दिन र तीन रात थिए, उसरी

नै मानिसको पुत्र पनि पृथ्वीको गर्भमा तीन दिन र तीन रात रहनेछ। ४१ निनवेका मानिसहरू न्यायको दिनमा यस पुस्ताको साथ खड़ा हुनेछन्, र यसलाई दोषी ठहराउनेछन्, किनकि तिनीहरूले योनाको प्रचारमा पश्चात्ताप गरेथे, तर हेर, योनाभन्दा महान् कोही यहाँ छ" (मत्ती १२ः३९-४१)। हो, येशू योनाभन्दा महान् हुनुहुन्छ! तर यदि उहाँ योनाभन्दा महान् हुनुभएन भने उहाँ हाम्रो मुक्तिदाता हुन सक्ने थिएन।

योनाको बेचैनता र अशान्तिपनाबाट हामी के सिक्न सक्छौं यस अध्यायमा हामी नियाल्नेछौं।

## १. भगुवा अगमवक्ता

वास्तविकरूपमा भन्ने हो भने योना अत्यन्तै सफल प्रचारक थिए। यस कुरालाई हामीले अचम्म मान्नै पर्छ। तर त्यसै बखत सुरूमा परमेश्वरको बोलाहतलाई आनकानी गर्ने प्रचारक पनि थिए। योनाले जे गरिरहेका थिए परमेश्वरको अचानक बोलहतले उनको काममा ठूलो रूपमा बाधा आएको वा हस्तक्षेप भएको थियो। परमेश्वरको जुआ आफ्नो काँधमा बोकेर उहाँको जुआ सजिलो र हलुको छ (मत्ती ११ः३०) भनेर पत्ता लगाउनुको सट्टा उनले आफ्नै विश्राम खोजे  त्यो पनि परमेश्वरले जानु भन्ने ठाउँमा नगइकन विपरित दिशातर्फ भागेर।

**परमेश्वरले उनलाई कहाँ जानु भनेर बोलाउनुभएको ठाउँमा नगएर उनी कहाँ गए जहाँ उनले शान्ति र विश्रामको आशा गरेका थिए? उनको निम्ति त्यो कतिको राम्रो भयो त? हेर्नुहोस्, योना १ "१ परमप्रभुको यो वचन अमित्तैका छोरा योनाकहाँ आयोः २ "त्यस ठूलो सहर निनवेमा जा, र त्यसको विरुद्धमा प्रचार गर, किनभने त्यसको दुष्टयाइँ मेरो सामु आएको छ।" ३ तर योना परमप्रभुबाट भागे र तर्शीशतिर लागे। तिनी तल योप्पा सहर गए, र त्यहाँ तिनले तर्शीशमा जाने एउटा जहाज भेट्टाए। परमप्रभुबाट भाग्न तर्शीश जानलाई जहाजमा भाड़ा दिएर तिनी चढ़े। ४ तब परमप्रभुले समुद्रमा एउटा ठूलो बतास चलाउनुभयो, र यस्तो प्रचण्ड आँधी चल्यो कि त्यसले जहाजलाई नष्ट गर्लाजस्तै भयो। ५ सबै नावीकहरू डराए, र प्रत्येकले आफ्नो देवताको पुकारा गर्‍यो। अनि तिनीहरूले जहाज हलुङ्गो बनाउनलाई व्यापारका मालहरू समुद्रमा फाले। तर योनाचाहिँ जहाजको तल्लो तलामा गएका थिए, र त्यहाँ तिनी भुसुक्क निदाए। ६ जहाजका कप्तान तिनीकहाँ आएर भने, "कसरी सुत्न सकेको! उठेर**

तिम्रा परमेश्‍वरलाई पुकार। शायद उहाँले हाम्रो ख्याल राख्नुहुनेछ र हामी नष्ट हुनेछैनौं।" ७ तब नावीकहरूले आपसमा भन्‍न लागे, "आओ, यस आपत्तिको जिम्मावार को रहेछ, सो जान्‍नलाई हामी चिट्ठा हालौं।" तिनीहरूले चिट्ठा हाले, र चिट्ठा योनाको नाउँमा पर्‍यो। ८ तब तिनीहरूले तिनलाई सोधे, "हामीलाई भन, हामीमाथि यो आपत् ल्याउन को जिम्मेवार छ? तिम्रो काम के हो? तिमी कहाँबाट आएका हौ? तिम्रो देश कुन हो? तिमी कुन जातिका हौ?" ९ तिनले जवाफ दिएर भने, "म एक हिब्रू हुँ, अनि म स्वर्गका परमेश्‍वरको आराधना गर्दछु, जसले समुद्र र जमिन दुवै बनाउनुभयो।" १० यस कुराले तिनीहरू डराए र तिनलाई सोधे, "तिमीले के गरेका छौ?" (अघि नै यो कुरा बताएका हुनाले तिनी परमप्रभुको सामुन्‍नेबाट भागेका रहेछन् भन्‍ने तिनीहरूलाई थाहा थियो।) ११ समुद्रका छालहरू झन्-झन् प्रचण्ड हुँदैथिए। यसैले तिनीहरूले सोधे, "तिमीलाई अब हामीले के गरेदेखि समुद्र हाम्रा निम्ति शान्त होला?" १२ तिनले जवाफ दिए, "मलाई उचालेर समुद्रमा फालिदेओ, र समुद्र शान्‌त हुनेछ। किनकि मेरै कारणले गर्दा तिमीहरूमाथि यो प्रचण्ड आँधी चलेको हो भन्‍ने म जान्दछु।" १३ तापनि जहाजलाई किनार लगाउनलाई ती मानिसहरूले सकेसम्म खियाए, तर तिनीहरूले सकेनन्, किनकि तिनीहरूका विरुद्धमा समुद्र झन्-झन् खराब हुँदैगयो। १४ यसकारण तिनीहरूले परमप्रभुमा पुकारा गरेर भने, "बिन्ती छ, हे परमप्रभु, यस मानिसको ज्यान लिएको कारण हामीलाई मर्न नपरोस्, र एक निर्दोष मानिसका हत्याको दोष हामीलाई नलागोस्, किनकि हे परमप्रभु, तपाईंलाई जस्तो इच्छा लागेको थियो सो गर्नुभएको छ।" १५ तब तिनीहरूले योनालाई उचालेर समुद्रमा फालिदिए, र उर्लेको समुद्र शान्त भइहाल्यो। १६ यो देखेर ती मानिसहरूले परमप्रभुको अत्यन्तै भय माने, र तिनीहरूले परमप्रभुको निम्ति बलिदान चढ़ाए र उहाँमा भाकल गरे। १७ तर योनालाई निल्न परमप्रभुले एउटा ठूलो माछा जुटाउनुभयो, र तीन दिन र तीन रातसम्म योना त्यस माछाको पेटभित्र रहे।"

परमेश्‍वरले भन्‍नुभएकै बिपरित दिशातर्फ योना भाग्छन्। उनले परमेश्‍वरसँग आफूले के गरिरहेको सो पनि बताउँदैनन् न त स्पष्टिकरण नै दिन्छन्। कतिपय अगमवक्ताहरूलाई जब परमेश्‍वरले बोलाउनुभयो तब तिनीहरूले उहाँसँग तर्क गरेका थिए (उदाहरणमा हेर्नुहोस् प्रस्थान ४:१३)।

यो पनि घतलाग्दो छ कि परमेश्‍वरको निम्ति बोल्न उनलाई गरिएको आह्वान यो पहिलो पल्ट होइन। उनको बारेमा २ राजा १४:२५मा यसरी

लेखिएको छ, "परमप्रभु इस्राएलका परमेश्वरले आफ्ना दास गात-हेपेरका अमित्तैका छोरा योना अगमवक्ताद्वारा भन्नुभएको वचनअनुसार लेबोहमातदेखि अराबाको समुद्रसम्म इस्राएलका सिमाना फेरि स्थिर गर्ने तिनी नै थिए।" त्यसबेला परमेश्वरले जे भन्नुभयो सो योनाले गरेको देखाउँछ। तर यसबेलाचाहिँ उनले नाईं रे! किन?

ई.पू. आठौं शताब्दीतिर योनाले इस्राएलमा सेवाकार्य गरिरहेका थिए। त्यसबेलाको इतिहास र पुरातत्वविदहरूका लेख अनुसार पौराणिक मध्यपूर्वमा नव-असेरियाका शासकहरूले शासन गरिरहेका थिए। तिनीहरूले मानिसहरूलाई अत्यन्तै क्रुरतरिकाले दबाएर शासन गरेका थिए। त्यसको ७५ वर्षपछि नव-असेरियन राजा सेनहरेबले यहूदामा आक्रमण गरेका थिए। इस्राएल र सामरिया असेरियाको काबुमा बीस वर्ष पहिले थिए। राजा हेजिकिया असेरियाको बिरुद्धमा खडा भएका स्थानीय राज्यहरूको गठबन्धनमा सामेल भएको थिए।

अब आफूले गरेका निष्ठुर व्यवहारको लेखाजोखा गर्ने समय असेरियाका जनहरू तयार हुनुपरेको थियो। राजा हेजकियाको दक्षिणमा रहेको अत्यन्तै बलियो र महत्त्वपूर्ण किल्ला भएको सहर लाकिशलाई असेरियाका सैनिकहरूले क्रुरतरिकाले हमला गरेर ध्वस्त बनाएका थिए। त्यसको विवरण बाइबलमा (२ राजा १८, यशैया ३६), असेरियाका ऐतिहासिक दस्तावेज र निनभेमा रहेको सेनहरेबको दरवारमा कोरेका चित्रहरूले नै तिनीहरू कस्तो निष्ठुर थिए भनेर हामीलाई बताउँदछ। किल्लाले मजबुत भएका ४६ सहरहरूका दुई लाखभन्दा वढि जनताहरूलाई युद्धबन्दी बनाएर ती सहरहरूलाई ध्वस्त पारेको सेनहरेबले दावी गरेका थिए भन्ने एउटा शिलापत्रमा छ। जब असेरियन राजाले लाकिश सहर कब्जा गरे तब हजारौं मानिसहरूलाई युद्धबन्दी बनाएर यातना दिएका थिए। राजा हेजकियाको ठूलो समर्थक लाकिश सहरका कतिपय मानिसहरूलाई जिउँदै छाला उप्काएर हत्या गरिएको थियो। बाँकि मानिसहरू असेरियामा दास बनाएर काम गर्न लगेका थिए।

त्यसबेलाको समयमा अमान्य भएतापनि असेसरियाका शासकहरू अत्यन्तै अचाक्लिलाग्दो निष्ठुर थिए। अनि त्यस क्रुर देशको राजधानी निनभेमा सन्देश दिन परमेश्वरले योनालाई पठाइरहनुभएको थियो। ***योना जान नचाहेको कुरामा अचम्म मान्नुपर्ने कुरो त थिएन।***

**परमेश्वरबाट भाग्नु? के तपाईंले पनि कहिल्यै त्यस्तो गर्नुभएको छ? यदि छ भने तपाईंको निम्ति कति राम्रो भयो? त्यस भुलबाट तपाईंले के पाठ सिक्नुभयो?**

## २. तीन दिने विश्राम

परमेश्वरबाट भागेपछि वा उहाँले दिनुभएको जिम्मेवारलाई पन्छाउँदै आफू आराम गर्न अन्तै सुटुक्कै लुकेर जान्छन्। तर तिनी त झन समस्यै समस्यामा पो परे। उनी जहाज चढेर जहाजको मुनी मज्जासँग सुतेर बस्छन्। तर त्यो सुताइ क्षणिकको थियो। परमेश्वरले अलौकिक ढंगले उनको आरामलाई हस्तक्षेप गर्नुभयो। हुरीबतास पठाउनु भएर उनको विश्रामलाई बाधा पुऱ्याउनुभयो। जहाजका मानिसहरूले उनकै कारणले विपत्ती आएको भनेर ठम्याए र उनकै अनरोधमा उनलाई जहाजबाट फ्याँकियो। तर पानीको चिहानबाट उनलाई बचाउन परमेश्वरले ठूलो माछा पठाउनुभयो।

जब उनी माछाको पेटभित्र तीन दिन सुरक्षित हुन वाध्य पुऱ्यायो र मानौं ती तीन दिन उनको निम्ति यस्तो विश्रामको अवसर थियो कि उनी परमेश्वरमाथि नै भर पर्नुको विकल्प नभएको उनले भेट्टाएका थिए। कहिलेकाहीँ हामीलाई पनि त्यस्तै वातावरणमा जाकिन पुग्छौं जब संसारको कुनै थोकले होइन येशूलेमात्र हाम्रो आवश्यकता पूरा गर्नुहुन्छ भन्ने हामीलाई आत्मज्ञानमा पुऱ्याउँछ।

**माछाको पेटभित्र तीन दिनसम्म पौडी खेलेर सास फेरेर बाँच्न संघर्ष गरिरहेका योना परमेश्वरको आवश्यकता र उहाँमाथि भरोसा राख्नुपर्ने रहेछ भन्ने होस अचानक खोल्दछ। त्यसबेला समुद्धको गहिऱ्याइमा तैरिरहेको माछाको पेटभित्रबाट योनाले प्रार्थना गर्दछन्। (हो, कोही पनि मानिस परमेश्वरबाट कहीं भाग्न सक्दैनन्। आफ्ना परिवार, देश, इस्टमित्र वा विश्वासी जनहरूबाट भाग्न सक्लान् तर परमेश्वरबाट कोही पनि लुक्न सक्दैनन्-भजन १३९:७-१२-अनुवादकको थप)। योनाको प्रार्थना कस्तो थियो र केको बारेमा उनले प्रार्थना गरेका थिए? हेर्नुहोस्, योना २:१-९ "१ योनाले माछाको पेटभित्रबाट परमप्रभु आफ्ना परमेश्वरलाई प्रार्थना गरे। २ तिनले भने, "मैले आफ्नो सङ्कष्टमा परमप्रभुमा पुकारा गरें, र उहाँले मलाई जवाफ दिनुभयो। चिहानको गहिराइबाट सहायताको निम्ति मैले पुकारें, र तपाईंले मेरो क्रन्दन ध्यानसित सुन्नुभयो। ३ तपाईंले मलाई समुद्रको गहिराइभित्र, समुद्रको मुटुभित्रै**

**फालिदिनुभयो, र प्रवाहहरू मेरा चारैतिर घुमे। तपाईंका सबै छालहरू र लहरहरूले मलाई डुबाए। ४ मैले भनें, 'म त तपाईंको दृष्टिबाट निकालिएको छु, तैपनि म फेरि तपाईंको पवित्र मन्दिरतिर हेर्नेछु'। ५ डुबाउने पानीले मलाई तर्सायो, समुद्रको गहिराइ मेरो चारैतिर थियो,**
**समुद्रका झ्याउहरू मेरो टाउकोभरि बेहेरिएका थिए। ६ म त डाँड़ाहरूका फेदीसम्मै तल डुबें, पृथ्वीले मलाई सदाको निम्ति थुनिदियो। तर हे परमप्रभु मेरा परमेश्वर, तपाईंले मेरो ज्यानलाई खाल्डोबाट उठाएर ल्याउनुभयो। ७ "जब मेरो प्राण गलिसकेको थियो, तब मैले, हे परमप्रभु, तपाईंलाई सम्झें, र मेरो प्रार्थना तपाईंकहाँ उठ्यो, तपाईंको पवित्र मन्दिरभित्रै पुग्यो। ८ "जस-जसले व्यर्थका मूर्तिहरूतिर मन लगाउँछन्, तिनीहरूले पाउनुपर्ने अनुग्रहबाट तिनीहरू वञ्चित हुन्छन्। ९ तर म त धन्यवादको स्तुतिसहित तपाईंमा बलिदान चढ़ाउनेछु। मैले जे भाकल गरेको छु, सो म पूरा गर्नेछु।**

**उद्धार परमप्रभुबाटै हुन्छ।"**

समुद्रको छालमा तलमाथि र अत्यन्त गहिऱ्याइ र अत्यन्तै खतरापूर्ण वातावरणमा योना परिरहेका थिए। त्यस्तो भिषण परिस्थितिमा योना प्रार्थना गर्न पुग्छन् र परमेश्वरको पवित्रस्थानतिर नजर राख्दै उनी प्रार्थना गर्दै "तपाईंको पवित्र मन्दिर" भनेर त्यसको चाहना व्यक्त गर्दछन्। यहाँ के भइरहेको छ?

यहाँ योनाको प्रार्थनाको केन्द्रविन्दु परमेश्वरको मन्दिर थियो र हाम्रो प्रार्थनाको केन्द्रविन्दु पनि मन्दिरै हुनुपर्दछ। परमेश्वर पाउने स्थान केवल एक ठाउँमात्र तोकिएको छ भनेर पुरानो करारले बताउँछ, त्यो हो पवित्रस्थानमा (प्रस्थान १५:१७, २५:८)। परमेश्वरको पवित्रस्थान नै प्रार्थनाको केन्द्रविन्दु र उहाँसँग संवाद गर्ने थलो हो।

तर योनाले यरुशलेम मन्दिरको बारेमा चर्चा गरेको हामी पाउँदैनौं। तर स्वर्गमा भएको पवित्र मन्दिरको बारेमा उनी कुरा गर्छन्। उनले यो महसुस गर्दछन्, ""जब मेरो प्राण गलिसकेको थियो, तब मैले, हे परमप्रभु, तपाईंलाई सम्झें, र मेरो प्रार्थना तपाईंकहाँ उठ्यो, तपाईंको पवित्र मन्दिरभित्रै पुग्यो" (योना २:७)। स्वर्गमा भएको पवित्रमन्दिरमा नै उनको आशाको अस्तित्व भएको थियो किनभने त्यहाँबाट परमेश्वर र उहाँले उपलब्ध गराउनुभएको मुक्ति सत्यरूपमा आउँदछन्।

योनाले अन्तमा आएर यो सत्य आत्मज्ञानलाई उनले बुझ्दछन्। उनले परमेश्वरको अनुग्रहलाई अनुभव गरेका थिए। उनलाई उद्धार गरिएको थियो। जब उनलाई माछाको मुखबाट ओक्लिदियो तब उनले आफू भगुवा भएतापनि परमेश्वरको प्रेमलाई बुझ्न सके। यताउती बरालिएर गएतापनि उनको लागि सुरक्षा भन्नु नै परमेश्वरको इच्छालाई खोज्नु हो

त्यसकारण, अन्तमा परमेश्वरले दिनुभएको काम उनले गर्न निर्णय गर्छन्। उनी बिदेशी राज्य र दुष्ट नै दुष्टयाईंले भरिएको निनभेमा विश्वासलाई बोकेर जान्छन्। विदेशी अगमबक्ता आएर तिनीहरू कस्तो खराब थिए र तिनीहरूले के गर्ने भनेर तिनीहरूलाई प्रचार गर्दा उनलाई मन नपराउन सक्छन् तर अब उनलाई त्यसको पर्वाह भएन।

**हो, कहिलेकाहीं केही कुराहरूको ताजा दृष्टिकोण बुझ्न हामी कतैकतै जानुपर्ने हुन्छ। माछाको पेटबाट अलौकिक ढंगले उद्धार गरिएका योनाको कथा अचाक्लिलाग्दो हुन सक्छ तर तपाईं पनि आफ्नो नियमित परिस्थितिबाट निक्लेर जान कहिलेकाहीं किन आवश्यकता पर्दछ ताकि कुनै नौलो कुरालाई अर्कै दृष्टिकोणले तपाईंले हेर्न सक्ने गराउँछ?**

## ३. लक्ष्य पूरा हुन्छ

इस्राएलको सहरको तुलनामा निनभे एकदम ठूलो सहर थियो। यसको बिशालतालाई योना ३:३ले यसरी वर्णन गरिएको छ "योनाले परमप्रभुको वचन पालन गरेर निनवेमा गए। अब निनवे एक अत्यन्तै प्रख्यात सहर थियो। त्यो हेर्नलाई तीन दिन लाग्दथ्यो।"

**योना ३:१-१० पढ्नुहोस्। जब उनले प्रचार गरे तब त्यहाँका दुष्ट मानिसहरूको प्रतिक्रिया कस्तो थियो? अरूलाई परमेश्वरको बारेमा गवाही दिन प्रयास गर्न क्रममा योनाको कथाबाट हामीले के पाठहरू सिक्न सक्छौं? हेर्नुहोस्, "१ तब परमप्रभुको वचन दोस्रो पल्ट योनाकहाँ आयोः २ "त्यस ठूलो सहर निनवेमा जा, र म जे समाचार तिमीलाई दिन्छु, सो त्यहाँ घोषणा गर्नु।" ३ योनाले परमप्रभुको वचन पालन गरेर निनवेमा गए। अब निनवे एक अत्यन्तै प्रख्यात सहर थियो। त्यो हेर्नलाई तीन दिन लाग्दथ्यो। ४ पहिलो दिन योना सहरभित्र पसे। तिनले यसो भनेर घोषणा गरे, "अबको चालीस दिनमा निनवे नष्ट हुनेछ" ५ निनवेका मानिसहरूले परमेश्वरमा विश्वास गरे। तिनीहरूले उपवासको घोषणा गरे, र तिनीहरूका ठूला-साना सबैले भाङ्ग्रा लगाए। ६ जब त्यो खबर**

**निनवेका राजाकहाँ पुग्यो, तब उनी आफ्नो सिंहासनबाट उठे, उनले आफ्नो राजपोशाक फुकाले र भाङ्ग्रा लगाएर खरानीमा बसे। ७ तब उनले निनवेमा यसो भन्ने घोषणा गरे। "राजाको र भारदारको उर्दीअनुसारः कुनै मानिस वा पशु, गाई-गोरु वा भेड़ाबाख्रा, कसैले केही खानेकुरा नखाओस्, न त केही पिओस्। ८ तर मानिस र पशुले भाङ्ग्रा लगाऊन्, र परमेश्वरमा पुकारा गरून्। तिनीहरू आफ्ना कुमार्गबाट फर्कून्, तिनीहरूले गर्ने उपद्रव त्याग गरून्। ९ कसले जान्दछ? परमेश्वरले मन नरम गर्नुहोला र दया गरेर आफ्नो भयानक रीसबाट फर्कनुहोला। यसरी हामी नष्ट हुनेछैनौं।" १० तिनीहरूले के गरे र कसरी तिनीहरू आफ्ना कुमार्गबाट फर्केर आए भन्ने परमेश्वरले देख्नुभयो। तब उहाँलाई दया आयो, र तिनीहरूलाई सर्वनाश गर्छु भनी गर्नुभएको धम्कीअनुसार उहाँले गर्नुभएन।**

त्यस ठूलो सहरमा तलमाथि गर्दै योनाले परमेश्वरको चेतावनीको त्यहाँका मानिसहरूलाई घोषणा गर्छन्, "अबको चालिस दिनमा निनेभ सहरको सर्वनाश हुनेछ!" (योना ३:४)। उनको सन्देशको विषयबस्तु निर्णायक थियो। उनले अरू के के वचनहरू प्रचार गरे त्यसको विस्तृत विवरण हामीलाई थाहा छैन यद्यपि उनको त्यो सन्देश सुन्न चाहने मानिसहरूका कानहरूमा पर्दछ र निनभेका सारा जनसमूदाय एक भएर उनको चेतावनीलाई विश्वास गर्दछन्।

पूर्विय देशको चलन अनुसार नै निनभेका राजाले यस्तो उर्दी जारी गर्दछ कि उनको हृदय पनि परिवर्तन भएको थियो भनेर देखाइएको थियो। प्रत्येक मानिस र पशुसमेतले उपवाश बस्नु र शोक मनाउनु भनेर राजाले अध्यादेश जारी गर्दछन् (पशुले कसरी शोक मनाए र उपवास बसे त्यस पदले हामीलाई भनेको छैन)। राजा आफ्नो सिंहासनबाट तल ओर्लन्छन् र जमिनको माटो बसेर भाङ्ग्रा ओढ्छन्। यसले राजा कतिसम्म झुकेका थिए भनेर देखाउँदछ।

**राजाको आदेशमा के तत्वहरू समावेश भएका छन्, कि उनी हृदयदेखि नै पश्चाताप गर्नु भनेको के हो सो उनले बुझेका थिए भनेर देखाउँदछ? हेर्नुहोस्, योना ३:६-९ र त्यसलाई तुलना गरेर अरू पदहरू पनि। "६ जब त्यो खबर निनवेका राजाकहाँ पुग्यो, तब उनी आफ्नो सिंहासनबाट उठे, उनले आफ्नो राजपोशाक फुकाले र भाङ्ग्रा लगाएर खरानीमा बसे। ७ तब उनले निनवेमा यसो भन्ने घोषणा गरे। "राजाको र भारदारको उर्दीअनुसारः कुनै मानिस वा पशु, गाई-गोरु वा भेड़ाबाख्रा, कसैले केही खानेकुरा नखाओस्, न त केही पिओस्।**

**८ तर मानिस र पशुले भाङ्ग्रा लगाऊन्, र परमेश्वरमा पुकारा गरून्। तिनीहरू आफ्ना कुमार्गबाट फर्कून्, तिनीहरूले गर्ने उपद्रव त्याग गरून्। ९ कसले जान्दछ? परमेश्वरले मन नरम गर्नुहोला र दया गरेर आफ्नो भयानक रीसबाट फर्कनुहोला। यसरी हामी नष्ट हुनेछैनौं।", यर्मिया २५:४-६ "४ परमप्रभुले आफ्ना सबै दास, अगमवक्ताहरूलाई यसो भनी घरीघरी पठाउनुभए तापनि तिमीहरूले सुनेनौ, अथवा तिमीहरूले ध्यान दिएनौ। ५ तिनीहरूले भने, "तिमीहरू हरेक आफ्नो खराब चाल र खराब व्यवहारदेखि फर्क, र परमप्रभुले तिमीहरू र तिमीहरूका पिता-पुर्खाहरूलाई सदासर्वदाको लागि दिनुभएको देशमा बस्न पाउँछौ। ६ पराई देवताहरूका सेवा र पूजा गर्नलाई तिनीहरूका पछि नलाग। तिमीहरूका हातले बनाएका कामबाट मलाई रीस नउठाओ। तब म तिमीहरूको केही नोक्सानी गर्नेछैनँ।" , इजिएल १४:६ "यसकारण इस्राएलको घरानालाई भन्, 'परमप्रभु परमेश्वर यसो भन्नुहुन्छः पश्चात्ताप गर! आफ्ना मूर्तिहरूदेखि फर्किआओ, र आफ्ना सबै घिनलाग्दा व्यवहारहरू परित्याग गर!" र प्रकाश २:५ "यसकारण कहाँबाट तिमी खसेका छौ, सो सम्झ, र पश्चात्ताप गर, अनि तिमीले पहिले गरेका काम गर, नत्रता म तिमीकहाँ आएर, तिमीले पश्चात्ताप गरेनौ भने, तिम्रो सामदान त्यसको ठाउँबाट हटाउनेछु।"**

जुन आदेश राजाले दिए त्यसमा ठीक ईश्वरीय शिक्षाले भरिएको थियो। त्यसमा पश्चाताप भनेको के हो सो देखाइएको थियो। जब योनाले प्रचार गरेका थिए पवित्र आत्माले पनि निनभेका मानिसहरूको हृदयमा काम गरिरहेको हुनुपर्दछ जसले गर्दा तिनीहरूका हृदयहरू पग्लिएका थिए।

इस्राएलीहरूलाई देखाइएको, सुनाइएको र अनुभव गराइएको परमेश्वरको अगुवाइ र कोमलताका कथाहरू निनभेका मानिसहरूलाई थाहा थिएन। तैपनि तिनीहरूले योनाको सन्देशलाई सकारात्मकरूप ग्रहण गरे। वास्तविकरूपमा तिनीहरूले भनिरहेका थिए जुन अत्यन्तै प्रभावकारी थियो, "परमेश्वरको दया र करुणामा हामी आफूहरूलाई लम्पछार पारौं, हामीहरूका काम र उपलब्धीहरूमा होइन! परमेश्वरको भलाई र उहाँको अनुग्रहमा हामी पूरा भरोसा राखौं।"

तर अनौठो कुरो त यो थियो कि परमेश्वरको अनुग्रह जुन आफूले व्यक्तिगतरूपमा अनुभव गरेतापनि त्यो केवल केही सिमित जाति वा व्यक्तिको लागिमात्र थियो भनेर योनाले बुझेका थिए।

येशूभक्तको जीवनमा पश्चाताप किन निर्णायक अनुभव हुनुपर्दछ? हामी हाम्रा पापहरूबाट पश्चाताप गर्नु भनेको सही रूपमा के हो? कतिपय समयमा त्यही पाप हामी बारम्बार दोहोर्‍याइरहेका हुन्छौं र त्यसको निम्ति पश्चाताप गरिरहन किन जरुरी छ?

## ४. क्रोधित, बेचैन सुसमाचार प्रचारक

दुर्भाग्यवस योनाको कथा अध्यया ३ बाट टुंगिन्दैन। योना ४:१-११ पढ्नुहोस्। योनाको समस्या के थियो? उसको कमजोरी स्वभावबाट हामीले के पाठ सिक्न सक्छौं? हेर्नुहोस्, "१ तर योनालाई यो साह्रै मन परेन, र तिनलाई रीस उठ्यो। २ अनि तिनले परमप्रभुलाई यसो भनेर प्रार्थना गरे, “हे परमप्रभु, म आफ्नो घरमा छँदै के मैले यही कुरा भनेको थिइनँ र? यसैकारणले त तर्शीशमा भागेर जान मैले आतुरी गरेको थिएँ। तपाईं अनुग्रहकारी र करुणामय, रीस गर्नमा धैर्यवान्, दयामा प्रशस्त, र दुःख दिनुमा बेखुशी हुनुहुने परमेश्वर हुनुहुन्छ भनी मैले जानेको थिएँ। ३ अब हे परमेश्वर, मेरो प्राण लिनुहोस्, किनभने मेरो निम्ति बाँच्नुभन्दा त मर्नु नै असल छ।” ४ तर परमप्रभुले जवाफ दिनुभयो, “के रीस गर्न तिम्रो हक छ र?” ५ तब योना सहरबाट निस्केर त्यस सहरका पूर्वपट्टिको एउटा ठाउँमा गएर बसे। तिनले त्यहाँ एउटा छाप्रो बनाए, र त्यस सहरलाई के हुँदोरहेछ सो हेर्नलाई त्यसैको छायामा बसे। ६ तब परमप्रभु परमेश्वरले एउटा लौका उमार्नुभयो, र योनाको शिरमा त्यो छाया होस् र तिनको दुःखहरण होस् भनेर त्यसलाई बढ़ाउनुभयो। यसैले लौकाको कारण योना अत्यन्तै खुशी भए। ७ तर भोलिपल्ट बिहान उज्यालो हुँदा परमेश्वरले एउटा कीरालाई खटाउनुभयो, र त्यसले त्यस लौकालाई खाइदियो, र त्यो ओइलाइहाल्यो। ८ सूर्य उदाएपछि परमेश्वरले पूर्वदेखि पोल्ने बतास चलाइदिनुभयो, यतिसम्म कि घाम टन्टलापुरसित योनाको टाउकोमा पर्‍यो र तिनी मूर्च्छा परे, र मर्ने इच्छा गरेर भने, “मेरो निम्ति बाँच्नुभन्दा त मर्नु नै असल छ।” ९ तर परमेश्वरले योनालाई भन्नुभयो, “के लौकाको कारण रिसाउनु तिम्रो हक छ?” तिनले भने, “मेरो हक छ। म मरुञ्जेलसम्मै रिसाउँछु।” १० तर परमप्रभुले भन्नुभयो, “तिमीले नस्याहारेको अथवा नउमारेको यस लौकाको लागि यति चिन्तित भयौ। एकै रातमा बढ्यो, र एकै रातमा नष्ट पनि भयो। ११ तर निनवे सहरमा एक लाख बीस हजारभन्दा

**बढ्ता मानिसहरू छन्, जसले दाहिने र देब्रे हातै चिन्न सक्दैनन्, र त्यसमा धेरै गाईबस्तुहरू पनि छन्। के मैले त्यस ठूलो सहरको निम्ति फिक्री नगरूँ?"**

आफूले प्रचार गरेको सन्देशले ठूलो सफलता पाएकोले योना परमेश्वरसँग पो रिसाँउदो रहेछ। सबैले आफूलाई मूर्ख भन्ला भनेर योनाले चिन्ता गर्दछन्। उहाँको अगमवक्तासँग परमेश्वरले समय लिएर कुरा गर्नुभएको हामी देख्दछौं। निनवे सहर आफूले भनेको अनुसार ध्वस्त नभएकोले उनी सानो बच्चा जस्तो रिसले उफ्रन्छन्।

परमेश्वरका सत्य भक्तहरू वा अगमवक्ताहरू पनि केही कुरामा बढ्नु र आफ्ना कमजोरी हटाउनु आवश्यक छ भन्ने कुरा योनाको कथाबाट बुझ्नुपर्दछ।

"आफ्ना दुष्ट कामहरूबाट निनवे सहरका मानिसहरू खरानी र भाङ्ग्रा ओढेर पश्चाताप गर्दा परमेश्वरको लक्ष्य त्यस सहरलाई ध्वस्त हुनुबाट बचाउनु थियो सो पूरा भएको थियो। परमेश्वरको अचम्मको अनुग्रह थाहा पाएपछि खुशी हुनुपर्नेमा योना पहिलो हुनुपर्दथ्यो। तर आफूलाई झुठो प्रचारक वा अगमबक्ता भनेर मानिसहरूले गिल्ला गर्ने सम्भाव्यताप्रति उनी चिन्तित भएर उनको दिमाम त्यसैमा खेलाउन दिएको थियो। आफ्नो इज्जत र प्रतिष्ठालाई जोगाउन उत्सुक भएको योनाले त्यस दुष्ट सहरमा भएका मानिसहरूको महान् मूल्यतालाई भुलेका थिए।"-एलेन जी ह्वाइट, प्रोफेट एण्ड किङ्गस्, पृ. २७१बाट रूपान्तरित।

आफ्नो धैर्यता उहाँको अगमवक्ताप्रति देखाउनुभएको अत्यन्तै अचम्मलाग्दो छ। आफ्नो अनुग्रहलाई देखाउन उहाँले योनालाई प्रयोग गर्ने उहाँको नियत थियो। जब उनी भाग्छन् तब उहाँले हुरीबतास पठाउनुभएर उनलाई माछाको पेटभित्र पार्नुहुन्छ ताकि उनी उहाँतिर फर्कुन्। अब योनाले भनेको अनुसार सहर नाश नभएकोले रिसले चुरमुर भएको र खराब मनस्थितिले अड्डा जमाएको योनालाई उहाँले भन्नुहुन्छः "के तिमी रिसाउनु उचित छ?" (योना ४:४ रूपान्तरित)।

**लूका ९:५१-५६ पढ्नुहोस्। यसमा दिएको विवरणमा योनाको कथासँग कसरी मिल्दछ? हेर्नुहोस्, "५१ उहाँको स्वर्गारोहणको दिन नजिकै आइपुग्दा उहाँले यरूशलेमतिरै जाने अठोट गर्नुभयो। ५२ अनि उहाँले समाचार लाने मानिसहरूलाई पहिलेबाटै पठाउनुभयो। तिनीहरू गए, र उहाँको निम्ति सबै कुरा तयार पार्नलाई सामरीहरूको एउटा गाउँमा पसे। ५३ तर यरूशलेमतिर**

**जाने उहाँको दृढ़ विचार थाहा पाएर तिनीहरूले उहाँलाई स्वागत गरेनन्। ५४ तब यो देखेर उहाँका चेलाहरू याकूब र यूहन्नाले भने, "प्रभुज्यू, के तपाईं चाहनुहुन्छ कि स्वर्गबाट आगो बर्साएर यिनीहरू भस्म होऊन् भनी हामी आज्ञा गरौं?" ५५ तर फर्केर उहाँले तिनीहरूलाई हप्काउनुभयो। ५६ अनि उहाँहरू अर्को गाउँतिर जानुभयो।**

"परमेश्‍वरले संसारलाई यस्तो प्रेम गर्नुभयो उहाँले आफ्नो एकमात्र पुत्रलाई दिनुभयो ताकि जसले उहाँलाई विश्‍वास गर्छ त्यो नाश नहुन् तर उसले अनन्त जीवन पाउन्" (यूहन्ना ३:१६ रूपान्तरित)। वा योनाको दिमागमा परमेश्‍वरले यो राख्नुहुन्छ "के त्यस महान् निनभे सहरप्रति म दया नदेखाउँ? त्यहाँ एक लाख बीस हजारभन्दा बेसी मानिसहरू छन् जसलाई के दायाँ हात वा बायाँ हात (वा के ठीक के बेठीक छ) सो छुट्याउन सक्दैन र त्यहाँ कतिपय बस्तुहरू पनि छन् के तिनीहरूप्रति मैले करुणा नदेखाउने?" ( योना ४:११ रूपमान्तरित)। हामी कति भाग्यमानी वा आभारी हुनुपर्दछ कि मानिसहरूको हृदय, दिमाग र नियतहरूलाई जाँच्ने, मूल्याङ्कन गर्ने र ठेगानामा लगाउने आखिरमा परमेश्‍वरनै हुनुहुन्छ।

**परमेश्‍वरमा भएको दया, करुणा, धैर्यता र सहनशीलता अरूलाई देखाउन हामीमा पनि हुन हामी कसरी सिक्ने? अर्थात् कमसेकम केही हदसम्म ती गुणहरूलाई कसरी आत्मसात् गर्ने?**

## ५. जाने आउने भएको सडक

योना आवश्यकताभन्दा बढि समस्या भएको व्यक्ति देखिन्छ। निनभे सहर खतरापूर्ण थियो। तर योनाको कथामा परमेश्‍वरको निम्ति निनभे समस्या भएको देखाइएको छैन। त्यहाँका मानिसहरूले योनाको सन्देश बुझ्छन् र तुरन्तै पश्‍चाताप गर्छन्। (सृष्टिकर्ता परमेश्‍वरलाई विश्‍वास नगर्ने वा आस्था नराख्नेहरूलाई आफू कस्तो दुष्ट रहेछौं भनेर थाहा पाउँदा पाउँदै पनि त्यसलाई सुधार गर्ने नैतिक वाध्यता आफूमा नभएको ठान्दछन्। तर बेला बेलामा सङ्कट वा महामारी जस्तो आपद आएको बेलामा आफू सुधारिन चाहेकोचाहिँ देखाउँछन्। तर यस कथामा योनाको चेतावनीप्रति संवेदनशील भएर अति क्रुर नाउँ चलेका निनभेका मानिसहरू पश्‍चाताप गर्छन्। यो सहर आधुनिक इराकको मोसुल भन्ने क्षेत्रमा पर्छ। युद्धमा ध्वस्त भएको निनेभे अहिले

भग्नावशेष थुप्रोमा पुरिएको छ। अर्थात् पश्चाताप गरेका निनभेहरूले पश्चातापलाई निरन्तरता नदेखाएको देखिन्छ-अनुवादकको थप)।

जेभएतापनि हाम्रो कथाको मूल पात्र र प्रचारक योनाको सन्देशले निनभेहरू पश्चाताप गरेतापनि योनाले तिनीहरूको पश्चातापको फाइदा उठाएर तिनीहरूका हृदयहरू सृष्टिकर्ता परमेश्वरतिर जागृत गराउने भूमिका उनले खेलेको देखिन्दैन। यस निनभेको मिशन कथामा योना कमजोर तथा प्रगतिशील नभएको प्रचारक भएको देखाउँछ। परमेश्वरले आनाकानी गर्ने अगमवक्ता योनालाई निनभेमा काम गर्न खटाउनु भएको थियो किनभने निनभेका मानिसहरूमात्र परमेश्वरको सन्देश सुन्न आवश्यक थिएन उनले पनि व्यक्तिगतरूपमै परमेश्वरको प्रेम र अनुग्रहको अनुभव गर्न आवश्यक थियो।

**नयाँ करारको एउटा छोटो पत्र यहूदा पढ्नुहोस्। "परमेश्वरको प्रेममा हामी रहिरहन" (यहूदा २१) आह्वान गरिएको छ। त्यसको अर्थ के हो? हेर्नुहोस्, "१ येशू ख्रीष्टको दास, याकूबको भाइ यहूदाबाट– बोलाइएकाहरू, अर्थात् परमेश्वर पितामा प्रियहरू र येशूको निम्ति ख्रीष्टमा सुरक्षित राखिएकाहरूलाईः २ कृपा, शान्ति र प्रेम तिमीहरूमा प्रशस्त हुँदैजाओस्। ३ प्रिय हो, हामी सबै सहभागी भएका उद्धारको विषयमा लेख्न म साह्रै उत्सुक भएको छु, त्यसैले सन्तहरूलाई सदाकालको निम्ति सुम्पिएको विश्वास रक्षा गर भन्ने निवेदन गर्न तिमीहरूलाई लेख्न मैले आवश्यक ठाने। ४ किनकि धेरै अघिदेखि नै दण्डका भागीदार ठहरिएका कोही-कोही मानिसहरू गुप्त रूपले तिमीहरूका माझमा पसिसकेका छन्। यिनीहरू ईश्वरहीन मानिसहरू हुन्, जसले हाम्रा परमेश्वरको अनुग्रहलाई विलासितामा परिणत गरेका छन्, र हाम्रा एकमात्र स्वामी र प्रभु, येशू ख्रीष्टलाई इन्कार गर्छन्। ५ तिमीहरूले यी सब कुरा एक पल्ट जानेकै थियौ, तापनि अहिले म तिमीहरूलाई याद दिलाउन चाहन्छु, कि मिश्रदेशबाट बचाएर ल्याइएका मानिसहरूमध्ये विश्वास नगर्नेहरूलाई परमप्रभुले पछिबाट नष्ट पार्नुभयो। ६ आफ्नो अधिकारको मर्यादा कायम नराखेर उचित वासस्थान त्याग्ने स्वर्गदूतहरूलाई उहाँले पातालको अन्धकारमा न्यायको त्यस ठूलो दिनसम्म अनन्त बन्धनमा राख्नुभएको छ, ७ जसरी सदोम र गमोरा र तिनका आसपासका सहरहरू, जुनहरू व्यभिचार गरेर अस्वाभाविक कामवासनामा फसेका थिए, तिनीहरू अनन्त अग्निको दण्ड भोगेर उदाहरण बनेका छन्। ८ त्यसै गरी सपना देख्ने यी मानिसहरूले आफ्ना शरीरलाई अशुद्ध तुल्याउँछन्, अधिकार इन्कार गर्छन् र स्वर्गीय प्राणीहरूको निन्दा गर्छन्। ९ तर प्रधान दूत**

मिखाएलले पनि मोशाका लाशको विषयमा दियाबलससँग विवाद गर्दा त्यसलाई
निन्दापूर्ण दोष लाउन साहस नगरी "प्रभुले तँलाई हप्काऊन्" भनेथे। १० तर
आफूले नबुझेका कुराहरूको यिनीहरू ठट्टा गर्छन्, र निर्बुद्धि पशुहरूले झैं
प्राकृतिक ज्ञानले जान्ने कुराहरूद्वारा नै यिनीहरूको विनाश हुन्छ। ११
तिनीहरूलाई धिक्कार छ! किनकि तिनीहरू कयिनको चालमा हिँड्छन्, लाभको
खातिर बालामको भूलमा फस्दछन् र कोरहको विद्रोहमा जस्तै नष्ट हुन्छन्।
१२ तिमीहरूका प्रीतिभोजमा यिनीहरू कलङ्क हुन्। किनकि यिनीहरू आफ्नै मात्र
ख्याल राखी धन्दै नमानी बेसरी खान्छन् र पिउँछन्। तिनीहरू बतासले
उड़ाइलैजाने पानीविनाको बादलसरह छन्, हिउँदका फलहीन वृक्षजस्ता, जो दुई
पल्ट मरिसकेका र जरैसमेत उखेलिएका हुन्छन्। १३ तिनीहरू समुद्रका उर्लदा
छालहरूजस्तै हुन्, जसले तिनीहरूका आफ्नै निर्लज्जताको फींज उकेल्छन्। यी
बत्तिएका दिशाहीन ताराहरूजस्ता छन्, जसका निम्ति पातालको अन्धकार
अनन्तको लागि राखिएको छ। १४ आदमदेखि सातौं पुस्ताका हनोकले पनि यी
मानिसहरूका विषयमा यस्तो अगमवाणी बोलेका थिए, "हेर, परमप्रभु आफ्ना
असंख्य पवित्र जनहरूसँग आउनुभयो, १५ सबैको इन्साफ गर्न, सबै
मानिसहरूलाई दण्ड दिन, जसले अधार्मिक रीतिले भक्तिहीन कार्यहरू गरेका छन्,
र ती भक्तिहीन मानिसहरूलाई दण्ड दिन जसले उहाँको विरुद्धमा कठोर कुरा
बोलेका छन्।" १६ फतफताउनेहरू, असन्तोषीहरू, आफ्ना कुइच्छाअनुसार
हिँड्नेहरू, घमण्डी कुरा बोल्नेहरू र लाभको निम्ति मानिसहरूको चापलूसी
गर्नेहरू यी नै हुन्। १७ तर प्रिय हो, तिमीहरूले चाहिँ हाम्रा प्रभु येशू ख्रीष्टका
प्रेरितहरूले अघिबाटै भनेका कुराहरू सम्झ। १८ तिनीहरूले भनेका थिए,
"आखिरी समयमा आफ्नै भक्तिहीन वासनाको पछि लागेर गिल्ला गर्नेहरू
हुनेछन्।" १९ फूट हाल्नेहरू, सांसारिक मानिसहरू र पवित्र आत्मा नभएका
मानिसहरू यिनै हुन्।

२० तर प्रिय हो, तिमीहरूचाहिँ तिमीहरूको अति पवित्र विश्वासमा दृढ़
हुँदैजाओ र पवित्र आत्मामा प्रार्थना गर। २१ आफैलाई परमेश्वरको प्रेममा राख
र अनन्त जीवनको निम्ति हाम्रा प्रभु येशूको कृपाको प्रतीक्षा गर। २२ दोधारमा
हुनेहरूलाई दया देखाओ, २३ अरूलाई आगोबाट तानी निकालेर बचाओ, कसै-
कसैलाई दया देखाउँदा होशियार गर, पापमय स्वभावद्वारा बिटुलिएका वस्त्रसमेत
घृणा गर। २४ अब, जसले तिमीहरूलाई पापमा फस्नदेखि बचाउन सक्नुहुन्छ, र
जसले तिमीहरूलाई आनन्दसहित उहाँकै महिमाको सामने निष्कलङ्क प्रस्तुत गर्न

**सक्नुहुन्छ, २५ उही एकमात्र परमेश्वर, हाम्रा मुक्तिदातालाई येशू ख्रीष्ट हाम्रा प्रभुद्वारा महिमा, प्रभुत्व, पराक्रम र अधिकार युग-युग पहिलेदेखि आज र सदासर्वदा भइरहोस्। आमेन।"**

नयाँ करारको छोटो पुस्तक यहूदाका लेखक यहूदाले पद २१मा हामीलाई यो सन्देश दिंदछन्, "आफैलाई परमेश्वरको प्रेममा राख (निरन्तरता देऊ) र अनन्त जीवनको निम्ति हाम्रा प्रभु येशूको कृपाको प्रतीक्षा गर" (रूपान्तरित)।

परमेश्वरको प्रेम र अनुग्रहको व्यक्तिगतरूपमा अनुभव गर्नु भनेको जीवनमा केवल एक पटकमात्र गरिने होइन। "परमेश्वरको प्रेममा आफूहरू रहिरहेको देखाउन" अरूतिर हात फैलाउन सकिरहनुपर्छ। अर्को पदहरूमा उनले भन्दछन् "२२ दोधारमा हुनेहरूलाई दया देखाओ, २३ अरूलाई आगोबाट तानी निकालेर बचाओ, कसै-कसैलाई दया देखाउँदा होशियार गर, पापमय स्वभावद्वारा बिटुलिएका वस्त्रसमेत घृणा गर।" अर्थात् "दया देखाउ" र "आगोबाट निकालेर अरूको उद्धार गर" भनेर येशूभक्तहरूलाई अनुरोध गरिएको छ।

**यहूदा २०-२३ फेर पढ्नुहोस्। यो योनाको कथासँग सम्बन्ध छ र हामीलाई पनि यसले के भनिरहेको छ? हेर्नुहोस्, "२० तर प्रिय हो, तिमीहरूचाहिँ तिमीहरूको अति पवित्र विश्वासमा दृढ़ हुँदैजाओ र पवित्र आत्मामा प्रार्थना गर। २१ आफैलाई परमेश्वरको प्रेममा राख र अनन्त जीवनको निम्ति हाम्रा प्रभु येशूको कृपाको प्रतीक्षा गर। २२ दोधारमा हुनेहरूलाई दया देखाओ, २३ अरूलाई आगोबाट तानी निकालेर बचाओ, कसै-कसैलाई दया देखाउँदा होशियार गर, पापमय स्वभावद्वारा बिटुलिएका वस्त्रसमेत घृणा गर।"**

असेरियनहरू वा निनभेसँग आफ्नो सम्बन्ध कस्तो थियो वा तिनीहरूको बारेमा आफ्नो सोच कस्तो थियो भनेर सोच्ने समय योनाले सायद दिएका थिएनन् होला। तैपनि परमेश्वरले उनलाई निनभेमा जान अऱ्हाउनुभएको थियो। तिनीहरूलाई सायद योनाले मन नपराएको हुन सक्छ तर तिनीहरूलाई उनले कतिको घृणा गरेको थियो सो उनलाई थाहा नभएको हुनसक्छ। तिनीहरूप्रति वितृष्णा भएकोले नै तिनीहरूकहाँ जान नपरुन् भनेर नै उनी अत्यन्तै टाढा जान खोजेका थिए। (निनभेबाट टार्सस कमसेम ७२५ माइल वा १००० किलोमिटर भन्दा बेसी छ भनेर गुगलले बताउँछ। निनभे आधुनिक इराकमा छ भने टार्सस् युरोपको स्पेनमा छ)। वास्तविकरूपमा

परमेश्वरले योनालाई निनभेमा गएर प्रचार गर भनेर अऱ्हाउनुभएतापनि स्वर्गमा तिनीहरू गएको उनलाई मन नपरेको हुनसक्छ वा स्वर्गमा तिनीहरू आफ्नो छिमेकी भएको सहन नसकेको पनि हुन सक्छ। परमेश्वरले प्रेम गर्ने जस्तो प्रेम योनाले सिकेका थिएनन्। परमेश्वरले निनभेका मानिसहरूलाई प्रेम गर्नुभएको र तिनीहरू उहाँको राज्यमा भएको उहाँको चाहनाले नै उहाँले योनालाई निनभेमा पठाउन चाहनुभएको थियो। तर परमेश्वरले योनालाई प्रेम गर्नुभएकोले नै उहाँले योनालाई बोलाउनुभएको थियो। जब परमेश्वर र योनासँगसँगै सहकर्मी भएर काम गर्छन् तब उहाँ चाहनुहुन्छ कि योना आफू जस्तै होस् र उहाँको चरित्रमा उनी हुर्कोस्। **परमेश्वरको** उद्धार गर्ने चाहनासँग सम्बन्ध राख्दै र उहाँको इच्छा पालन गर्न सकेमात्र योनाले सही विश्राम पाउँछ भन्ने पाठ उहाँले योनालाई सिकाउन खोज्नुभएको थियो। अरूहरूतिर हात बढाउने र तिनीहरूलाई हामीमा भएको विश्वास र आशालाई औँल्याउन सके हामीले पनि पक्का वा सही विश्राम पाउँछौं भन्ने महसुस गर्नुपर्छ।

**अरूको मुक्तिको निम्ति तपाईंले कतिको समय दिनुहुन्छ? अझ आत्मिकरूपमा भन्ने हो भने अरूलाई प्रभुको बारेमा सुनाउँदा तपाईंको मन कस्तो हलुको भएको के महसुस गर्नुभएको छ? येशूमा सही विश्राम पाउने यो अनुभव के तपाईंले गर्न चाहनुहुन्न?**

## उपसंहारः

**थप जानकारीः** "जुन काम योनालाई परमेश्वरले दिनुभएको थियो त्यसमा उनमाथि भारी जिम्मेवारी राखिएको थियो। जुन परमेश्वरले आफ्नो सेवकलाई काम गर्न खटाउनुभएको थियो उनलाई सम्हाली राख्न र सफलता दिन उहाँ सक्षम् हुनुहुन्थ्यो। यदि अगमवक्ताले परमेश्वरको बोलाहतलाई सरासर मानेको भए उनले धेरै दुःख र हण्डर खानुपर्ने थिएन र उनमा प्रसस्तमात्रामा आशिष खन्याइन्थ्यो। यद्यपि, योनाको आपदमा परमेश्वरले उनलाई त्याग्नुभएन। विभिन्न कष्टको श्रृङ्खला भोग्नुपर्दा र परमेश्वरको हस्तक्षेपले गर्दा अगमवक्ताको परमेश्वरमाथिको विश्वास र उद्धार गर्ने असिमित शक्तिमाथिको भरोसामा पुनर्जागरण भएको थियो।"-एलेन जी ह्वाइट, *प्रोफेटस एण्ड किङ्गस्,* पृ. २६६बाट रूपान्तरित।

"अत्यन्तै सरल र नम्र तरिकाले हजारौं मानिसहरूकहाँ पुग्न सकिन्छ। अत्यन्तै बुद्धिजीवि ठानिएका, अत्यन्तै प्रतिभाशाली भनेर संसारले

हेरिएका पुरुष र महिला पनि परमेश्वरलाई प्रेम गर्ने मानिसको बोली सुनेर ताजा भएको अनुभव गर्न सक्दछन्। त्यस खालका मानिसहरूलाई संसारका मानिसहरूले तिनीहरूको चासो बढाउन अत्यन्तै गहिरो कुराले आकर्षित गर्दछन्। त्यस्तै खालको आकर्षणद्वारा परमेश्वरलाई प्रेम गर्नेहरूले कुनै वनावटी नगरि स्वभाविकैरूपमा उहाँको प्रेम प्रस्तुत गर्न सक्दछन्।"-एलेन जी ह्वाइट, *क्राइस्ट अबजेक्ट लेसनस्,* पृ. २३२बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. परमेश्वरले दिनुहुने मुक्तिकोलाई मानिसहरूले स्वीकार गरोस् भनेर गवाही दिन खटाउँदा परमेश्वरको अगमवक्ता नै रिसाएका थिए। योनाको यो मनिस्थितिको भागलाई हामीले कसरी बुझ्ने? आफ्ना जनहरूप्रति परमेश्वरको धैर्यताको ज्वलन्त उदाहरणको बारेमा हामीले के भन्ने? परमेश्वरको  अगमवक्ता नै भन्नेहरूले आफूले पाएको आत्मज्ञानको ज्योतिको विपरित चल्छन् तर परमेश्वर तिनीहरूप्रति कस्तो धिरजी हुनुहुन्छ। यसले हामीलाई पनि धैर्य हुन के सिकाउँदैन र?


आ. परमेश्वरबाट टाढा हुनेहरूलाईमात्र उहाँ उद्धार गर्न चाहनुहुन्छ होइन तर उहाँका जनहरू परिवर्तन होस् भन्ने उहाँ चाहनुहुन्छ भनेर योनाको कथाले सिकाएको हामीले आभास् पाउँछौं। हामीले परमेश्वरलाई चिनेपनि र उहाँको सत्यलाई जानेपनि हामीमा पनि नयाँ हृयद र नयाँ आत्मा कसरी पाउने? सत्यलाई जान्ने र सत्यले गर्दा जीवन परिवर्तन हुने कुरामा के भिन्नता छ?

इ. यहूदाको पुस्तक फेरि पढ्नुहोस्। त्यसमा अत्यन्तै महत्त्वपूर्ण सन्देश के छ र वर्तमान चर्चमा त्यसमा भएको सन्देश किन समयसापेक्षित छ?

ई. अरूहरूको मुक्तिको निम्ति काम गर्दा पाउने अनुभवले हामी आफैलाई पनि आत्मिकरूपमा कसरी असल हुनसक्छौं वा रमाइलो मान्न सक्छौं?

उ. जुनसुकै असल कारणले गर्दा वा सोच्दा योना निनभेमा नजान उचित देखिएतापनि उनी कस्तो गलत थिए भनेर परमेश्वरले उनलाई कसरी देखाउनुभयो? हामीले पनि अरूप्रति हाम्रो गलत भावना योनाले देखाएको जस्तै कसरी प्रतिबिम्बित गर्न सक्छौं?

## कथा १२
## एक परमेश्वरको विरुद्धमा दुई जना मानिसहरू
## नियाङ्ग मुआङ्ग, २१, अमेरिकामा रहेकी शरणार्थी



बाहिर अंध्यारो छँदै दश वर्षकी नियाङ्ग स्कूल जान उठिन्। उनलाई चिन्ता लागिरहेको थियो। हरेक दिन स्कूलदेखि उनी परेसान हुन्थ्यो। एक वर्ष अघि उनको परिवार म्यानमारबाट अमेरिकामा शरणार्थी भएर आएको थियो। तिनीहरू रहेको जर्जिया राज्यको स्कूल कडा थियो। उनले अङ्ग्रेजी राम्रोसँग बोल्दैनथी। उनका धेरै साथीहरू पनि थिएन। र अंध्यारोमै स्कूलमा उनी हिंडेर जानुपर्थ्यो। उनको बुबा रातमा काम गर्नुपरेकोले उनलाई स्कूल पुऱ्याउन सकेको थिएन। सानी बच्ची बहिनीलाई स्याहार गर्न आमा घरमै रहनुपर्दथ्यो। घरबाट बाहिर जानुभन्दा पहिले नियाङ्गले प्रार्थना गरेकी थिइन्। "हे प्रिय परमेश्वर, अर्को दिन पनि स्कूल सकाउन सहयोग गर्नुहोस्। गुरुआमासँग कचकच नगर्न मलाई सहयोग गर्नुहोस्। जब स्कूल जान्छु तब मलाई सुरक्षित राख्नुहोस्। आमेन," उनले प्रार्थना गरिन्।

आफ्नो गऱ्हौं कालो झोला पछाडि बोकेर नियाङ्गले अंध्यारो सडकमा पाइला टेकिन्। यदि उनी छोटो बाटो गएको भए स्कूलमा १० मिनेटमै पुग्थि। केही घर र जङ्गल भएर उनी स्कूल पुग्नुपर्थ्यो। बाटोमा केही केटाकेटीहरू भेटेर सँगसँगै स्कूल जान सक्छ होला भनेर उनले सोचिन्।

जब जङ्गलबीच भएर उनी जाँदै थिइन् त्यसबेला कोही केटाकेटी पनि उनले भेटिनन्। चिसो हावा चलिरहेको थियो र रूखहरू अंध्यारो छायाँहरू जस्तै थिए।

अचानक दुई जना अग्लो मानिसहरू उनको अगाडि उभिए। एक जना मानिसले सेतो कपडाको झोला उनको अगाडि ल्यायो। त्यो झोला खाली थियो। उनको सामु झोला तेर्स्याइयो। "नानी, हाम्रो निम्ति यो झोला एक छिन बोक त!" उसले सोध्यो।

यो अनौठो प्रश्न भनेर नियाङ्गले सोचिन्। उनी केही कदम पछाडि हटिन्। ती मानिसहरू उनको अगाडि बढे।

अरू केटाकेटीहरू पनि छोटो बाटो भएर स्कूल गएको होलाकि भनेर नियाङ्गले मनमा हडबडाएर सोचिन्। तर कोही पनि थिएन। उनले ती मानिसहरूलाई हेरिन्। त्यहाँ दुई जना मानिसहरूमात्र थिए र उनी एक्लै थिइन्। ती मानिसहरू अल्गो र मोटो थिए भने उनी छोटी र सानी थिइन्। के त्यो झोला उनले समात्ने त?

"अहँ," भनेर टाउको हल्लाउँदै उनी चिच्याइन्। पछाडि फर्केर उनी सकेसम्म छिटो दगुर्न थालिन्। ती मानिसहरू अचम्म माने। "नदगुर, नभाग!" एक जना मानिसले भन्यो। तर नियाङ्ग रोकिनन्। उनी डराएकी थिइन्। केटाकेटीहरूलाई अपहरण गरेको कथाहरू उनले सुनेकी थिइन्। उनलाई थाहा थियो कि ती मानिसहरूले उनलाई सजिलैसँग पक्रन सक्छ।

"प्रभु, मलाई सहायता गर्नुहोस् र बचाउनुहोस्," भनेर उनले प्रार्थना गरिन्। तिनीहरूले उनलाई कुनै समय पनि समात्न सक्छन् भनेर सोचिन्। आफू परमेश्वरसँग सबै ठिक भएको उनले चाहेकी थिइन्।

"यदी मैले केही गल्ती गरे मलाई क्षमा दिनुहोस्," भनेर उनले प्रार्थना गरिन्। ती मानिसहरू उनको पछाडि लागिरहेको छ कि भनेर पछाडि फर्केर हेरिन्। त्यहाँ कोही पनि थिएन। उनको मन ढुकढुक भइरहेको थियो। एक छिनपछि छोटो बाटो भएर केही केटाकेटीहरू आइरहेको देख्दा उनलाई ठूलो राहत भएको महसुस गरिन्। उनी अरू केटाकेटीहरूसँग स्कूल जान सकेकी थिइन्। उनको साथमा तीन जना साना केटाकेटीहरू थिए। तिनीहरू ती दुई जना मानिसहरू उभिएको ठाउँमा पुगे। त्यहाँ तिनीहरू थिएन। तिनीहरू गइसकेका थिए।

**नियाङ्गले संतोषको सास फेरिन्।**

"हे प्यारो प्रभु, मलाई बचाउनुभएकोमा तपाईंलाई धेरै धन्यवाद," उनले प्रार्थना गरिन्। ती ठूला मानिसहरू तिनीहरूभन्दा ठूलो परमेश्वरले जित्नु भएको थियो।

(अहिले नियाङ्गले साउथरन एडभेन्टिस्ट स्कूलमा दन्त चिकित्सक अध्ययन गर्दैछिन्। उनी त्यही कामद्वारा प्रभुको सेवा गर्ने अठोट गरेकी छिन्)।

**- आन्ड्र्यु मेकचेस्नी**